प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय उदयपुर(त्रिवेणी)

कटारी, नेपाल
"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

मो.नं.: ९८५२८३६५६४
ईमेल: dfotriveniuday@gmail.com

**विषयः कम्पाउण्ड वाल निर्माण सम्वन्धी बोलपत्र आह्वानको सुचना ।**

**(प्रथम पटक प्रकाशित भएको मिति : २०८०।०६।२१)**

यस डिभिजन वन कार्यालयमा तपशिलमा उल्लेखित निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले ईच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त/योग्यता पुगेका निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकका बोलपत्र आह्वान गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याट बाहेक) | धरौटी/जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | DFO/Triveni/NCB/Works/01-2080/81 | Construction of Boundary Wall in Division Forest Office(Triveni); Katari Municipality-5; Udayapur. | 20,49,595.49 | 50,000.00 | 3,000.00 |

१. बोलपत्र सम्बन्धि कागजात बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३०(तिस) औं दिन सम्म तोकिए बमोजिमको बोलपत्र दस्तुर(पछि फिर्ता नहुने) तिरी **चालु आ.व.को लागि नवीकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर(पान नम्बर) प्रमाणपत्र र आ.व. २०७९/०८० को कर चुक्ता गरेको प्रमाणपत्रहरुको प्रतिलिपि वा कर समायोजनपत्र, कालो सूचीमा नपरेको स्वयं घोषणा पत्र** संलग्न राखी सम्बन्धित निर्माण व्यवसायी वा निजको अधिकार प्राप्त प्रतिनिधिले लिखित निवेदन(रु.१०।- को टिकट टाँसी) दिई यस डिभिजन वन कार्यालय र वन निर्देशनालय धरान, सुनसरीबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत बोलपत्र प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power Of Attorney) पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र सम्बन्धि कागजातहरु रितपूर्वक स्पष्टसँग भरी कार्यालयमा दर्ता गर्ने बोलपत्रदाताले खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्का नं., बोलपत्रदाता, फर्मको नाम, पुरा ठेगाना उल्लेख गरी यस कार्यालयलाई सम्बोधन गरी बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१(एकतिस) औं दिन दिनको १:०० (एक) बजे सम्म बोलपत्रहरु यसै डिभिजन वन कार्यालयमा दर्ता गर्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु सोही दिन दिनको ३:०० (तीन) बजे बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय उदयपुर(त्रिवेणी)
कटारी नेपाल
मो.नं.: ९८५२८३६५६४
ईमेलः dfotriveniuday@gmail.com
"व्यावसायिक र सिर्जनशील प्रशासन, विकास, समृद्धि र सुशासन"

३. बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन हुनेछ । बोलपत्रदाताले बोलपत्रसाथ तोकिए बमोजिमको धरौटी रकम **प्रदेश लेखा इकाई कार्यालय, उदयपुरको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, गाईघाट** स्थित **खाता नं. २०९०१००२०२०३००००, कार्यालय कोड ३२९०१११०११** मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको र बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट बोलपत्रको हकमा कम्तिमा १२० दिन सम्म मान्य अवधि भएको बोलपत्र जमानत(बिडबन्ड) पेश गर्नु पर्नेछ ।

४. बोलपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको परिमाणको मूल्यपत्र लगायतको बोलपत्र कागजातमा कुनै थपघट वा द्रष्टव्यः नलेखिएको र बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले रितपूर्वक सहीछाप गरेको हुनुपर्नेछ ।

५. बोलपत्रदाताले परिमाणको मूल्य पत्र(BOQ) मा मूल्य अभिवृद्धि कर बाहेक तिर्नुपर्ने सबै कर र अन्य शुल्कहरु समावेश गरी अङ्क र अक्षर दुवैमा स्पष्ट सँग Item Wise दर रेट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ । केरमेट भएका ठाउँहरुमा बोलपत्रदाताले सहिछाप गरेको हुनुपर्नेछ ।

६. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही प्रयोजनका लागि सोही समय र स्थानमा सो काम हुनेछ ।

७. बोलपत्र सम्बन्धि कागजातमा भाषागत समेत त्रुटी भएमा वा विषय र प्रसंगले अन्यथा अर्थ लागेमा वा उपर्युक्त सूचना सम्बन्धमा कुनै कुरा हेरफेर वा संशोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्नेछ । सो को जानकारी यस कार्यालयको वेभसाईट "dfotriveni.koshi.gov.np" मार्फत गराइनेछ ।

८. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा ठेक्का रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्रदाताहरुलाई बोलपत्र पेश गर्नु पूर्व निर्माण स्थल निरिक्षण(Site Visit) गर्न सुझाब दिइन्छ । तर सो निरिक्षण गर्न लाग्ने खर्च बोलपत्रदाता आफैँले व्यहोर्नु पर्नेछ । साथै बोलपत्र खरिद वा दर्ता गर्ने बोलपत्रदाताहरुले निर्माण कार्यको सम्बन्धमा राम्ररी बुझी निरिक्षण गरी बोलपत्र भरेको मानिनेछ ।

१०. एक फर्मको नाममा खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

११. यस सूचनामा उल्लेखित बोलपत्र सम्बन्धि थप जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, कानून अनुसार हुनेछ ।

१३. यस सूचनाको ठेक्काको व्यवस्थापन र मूल्याङ्कन सार्वजनिक खरिद ऐन, नियमावली(संशोधन सहित) बमोजिम हुनेछ ।

अनिरुद्ध कुमार साह
डिभिजनल वन अधिकृत